नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
मानव बेचबिखन अनुसन्धान ब्यूरो
(अ.अ. तथा कारवाही शाखा)
बबरमहल, काठमाण्डौ
फोन: ०१-५३३९५६९, ०१-४२३९७६३

पत्र संख्या:०७८/०७९ च.नं. मिति: २०७८/०५/०९ गते

प्रा.प.सं. :

**बिषय:- हाउस किपिङमा वेटरको काम लगाई दिन्छु भनि दुबई पुऱ्याई बेचबिखन ।**

**केशको बिबरण :-**

काठमाण्डौ जोरपाटी स्थित खाजा नास्ता पसलमा काम गर्ने जाहेरवाली परिवर्तित नाम २६ बबरमहल (क) लाई प्रतिवादी रमेश कुवँरले रोजगारीको लागि ईराकको डान्सवारमा वेटर कामका लागि राम्रो भिषा आएको छ, महिनाको रु ४०/५० हजार तलव पाईन्छ भनि ललाई फकाई गरेकोमा केहि समय पछि ईराकमा लडाई चलेको छ, अब दुबईको हाउस किपिङमा वेटरको कामको लागि जाने भनि रु. १,२५,०००।– लिई मिति २०७१ साल पुष १६ गते काठमाण्डौं स्थित त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलबाट दुवई लगि निजको राहदानी र मोबाईल समेत खोसी एक अरविको घरमा पुऱ्याएकोमा घर धनि तथा निजका छोराले जवरजस्ती यौन सम्बन्ध राख्न बन्धक बनाई राखेको अवस्थामा २ बर्ष पछि मात्र नेपाल फर्कन सकेको घटनामा मिति २०७८/०४/०५ गते यस कार्यालयमा जाहेरी दरखास्त दिएकोमा संलग्न प्रतिबादी रमेश कुवँरलाई मिति २०७८/०४/१२ गते पक्राउ गरी अनुसन्धान कार्य पुरा गरी काठमाडौँ जिल्ला अदालतमा पेश हुँदा अदालतको मिति २०७८/०५/०८ गतेको आदेशले पुर्पक्षको लागि कारागार कार्यालय जगन्नाथदेवल काठमाडौ थुनामा गएको ।

**पक्राउ अभियुक्तको विवरण :-**

बागमती प्रदेश जिल्ला काठमाण्डौ साविक सुन्टोल गा.बि.स.वडा नं.८ साखु, हाल परिवर्तित शंखरापुर नगरपालिका वडा नं.५ साँखु स्थायी वतन भई हाल गोकर्णेश्वर नगरपालिका वडा नं.८ माहांकाल बसोबास गर्ने बर्ष ५० को रमेश कुवंर ।

**कानुनी प्रावधान:-**

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ अनुसार अनुसन्धान कारवाही भएको ।

**थप जानकारीको लागी**

सूचना अधिकारी : प्र.ना.उ. अन्जना श्रेष्ठ (९८५१२८११८३ )

मिति:-२०७८/०५/०९ गते ।

Website: https://www.nepalpolice.gov.np E-mail:ahtb@nepalpolice.gov.np